जि.प्र.का. सप्तरी द.नं. ३२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १३१ २०८० साल पुस ७ गते शनिबार (23 Dec. 2023 Saturday) मूल्य रु. ५/-

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले सावधानी अपनाऔं ।

**Log in : rajbirajdainik.com.np**

यस अंक भित्र : २ पृष्ठमा : अन्नभण्डार मधेसमै धान पाउन... ३ पृष्ठमा : बसाईंसराइको प्रभाव : पाँच लाख ... ३ पृष्ठमागाजामा अमेरिकी ...

# कोही भ्रममा नपरोस् भन्दै सामाजिक संजालमार्फत डा. सीके राउतले लेख्छन् : “रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको गठन आदेशको म्याद नै समाप्त”

**नवीनकुमार गुप्ता**
**राजविराज, ६ पुस ।**

सप्तरी क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा. सीके राउतले रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको गठन आदेशको म्याद नै समाप्त भएको खुलासा गरेका छन् ।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष समेत रहेका प्रतिनिधिसभा सदस्य डा. राउतले प्रतिष्ठानबारे कोही भ्रममा नपरोस् भन्दै सामाजिक संजालमार्फत सो कुराको खुलासा गरेका हुन् ।

प्रतिष्ठान निर्माण प्रक्रिया बारे भ्रम फैलाएको आरोप लगाउँदै उनले सामाजिक संजालमा लेखेका छन्, “प्रतिष्ठान निर्माणमा समय किन लाग्दैछ भने रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको गठनादेशको म्याद २५ महिना मात्रै थियो र २०७८ सालमै समाप्त भइ सकेको थियो । अर्थात् म निर्वाचित हुनु एक/डेढ वर्ष अगाडि नै यो परियोजना बन्द भइसकेको थियो किनकी कसैले यसलाई नवीकरण गर्ने पहल गरेनन् ।”

**“रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान २०८०” लेखाई पुन: प्रक्रिया सुरु**

सांसद डा. राउतले प्रतिष्ठान सम्बन्धी सबै प्रक्रिया अहिले 'जिरो' बाट शुरू गर्नु परेको जनाउँदै नयाँ गठनादेश लेखाएर कानून मन्त्रालयबाट पास गरि त्यसलाई अर्थ मन्त्रालयबाट पास गर्दै, मन्त्री परिषद्मा लग्नु परेको उल्लेख गरेका छन् । उनले आफ्नो पहलमा दशौं अगाडि नै नयाँ गठनादेश 'रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान २०८०' लेखाउन लगाएर कानून मन्त्रालयमा पठाउन लगाइसकेको जिकिर गरेका छन् ।

डा. राउतले अगाडी लेखेका छन्, “पछिल्लो २/३ महिनादेखि दिनहुँ मन्त्रालयमा हाम्रा सहयोगी यो काम गराउन लागि परेका छन्, आफैंले फाइल यो मन्त्रालयबाट त्यो मन्त्रालय पुऱ्याउँदा पुऱ्याउँदै पनि यति समय लाग्यो । यसमा प्रधानमन्त्रीज्यूको पनि दोष देख्दिन, उहाँले मेरै अगाडि कामको स्टेप-स्टेपमा मन्त्रीज्यूहरूलाई ४/४ पटक फोन गरेर काम बढाउन दबाव दिनु भएकै हो, उहाँलाई पनि धन्यवाद छ ।”

सामाजिक संजालमै उनले रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा आ.व. २०७६/७७ मा ४० करोड बजेट निकासा गरिएपनि उक्त बजेट फ्रिज भएको उल्लेख गरेका छन् । त्यस्तै आ.व. २०७७/७८ मा ११ करोड बजेट खर्च गर्न नसकेपछि ४ करोड गजेन्द्र नारायण सिंह अस्पतालमा र ६ करोड ५० लाख रकमान्तर गरी अन्यत्र हालिएको तथा आ.व. २०७८/७९ मा बजेट नरहेको (समितिको म्याद सकेर परियोजना बन्द भइसकेको) जानकारी दिएका छन् ।


अन्तमा उनले लेखेका छन्, “यो योजना सप्तरीकै गौरवको योजना हो । हामी यसप्रति सजग मात्रै होइन, यस कामलाई पूरा गराउन दिनरात लागि परेका छौं ।”

यता जिल्लाकै बहुप्रतिष्ठित रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठानको काम अघि बढाउन माग गर्दै विगत ७० दिनदेखि स्थानीयहरुले रिले अनशनलाई निरन्तरता दिइरहेका छन् ।


शिलान्यास भएको २५ महिना वितिसक्दा पनि सुरु हुन नसकेको प्रतिष्ठानको निर्माण कार्यलाई यथासिघ्र अघि बढाउनु पर्ने, प्रतिष्ठानको पुर्वाधार तयारी विकास समितिमा रिक्त भएका पदहरुमा अविलम्ब पदाधिकारी र कर्मचारी नियुक्त गर्नु पर्ने, प्रतिष्ठान निर्माणका लागी आवश्यक बजेटको व्यवस्थापन गर्नु पर्ने लगायतका ५ बुंदे मागँ अघि सार्दै गत असोज २६ देखी रिले अनशन सुरु भएको हो ।

स्थानीयहरुको सोही आन्दोलनलाई समर्थन गर्दै सप्तरी युथ नेपालले तीन चरणको आन्दोलनको घोषणा गरेका थिए । जसअन्तरगत राजविराजमा दबाबमूलक ऱ्याली, विभिन्न सभा तथा हस्ताक्षर अभियान गरेका थिए । हस्ताक्षर अभियान अन्तरगत १० हजार व्यक्तिले गरेको हस्ताक्षर संकलन गरि युथ नेपालको एक टोली काठमाडौं पुगि प्रधानमन्त्री पुष्पकमल दाहाललाई बुझाएका छन् ।

एक प्रदेश एक स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने नीति अनुसार २०७५ साल पुष १६ गते मन्त्री परिषदको बैठकले मधेश प्रदेशको राजविराजमा रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान निर्माण गर्ने निर्णय गरेको थियो । यसका लागी २०७८ जेठ २१ गतेको मन्त्री परिषद् बैठकले प्रतिष्ठान निर्माण गर्न राजविराज नगरपालिका १० विरौलस्थित ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागी लिजमा दिने निर्णय गरेको थियो । जग्गाको टुङ्गो लागेपछि यही जग्गामा २०७८ असार २२ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिष्ठानको भवन निर्माण कार्यको भर्चुयल माध्यमबाट शिलान्यास गरेका थिए ।





अर्थ मन्त्रालय

पत्र संख्या:- ३८०-३-१
च. नं.:- २८९

सिंहदरबार, काठमाडौं
नेपाल ।


मिति: २०८०/०७/२१

विषय:- राय/ सहमति सम्बन्धमा ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
नीति योजना तथा अनुगमन महाशाखा,
सिंहदरबार,काठमाण्डौं ।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयबाट विकास समिति ऐन,२०१३ को दफा ३ बमोजिम रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८० लाई नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न यस मन्त्रालयको राय/ सहमतिका लागि अनुरोध भई आएकोमा चालु आ.व.२०८०/८१ को बजेट वक्तव्यको बुँदा नं. ४७ र ५० को अधिनमा रही उल्लेखित राय सुझावहरु संशोधन तथा थप गरी सहमति प्रदान गर्ने मिति २०८०/०७/२० को माननीय मन्त्रिस्तरीय निर्णयानुसार अनुरोध छ।

| सि.नं. | बुँदा | प्रस्तावित गठन आदेशमा भएको व्यवस्था | राय/सुझाव | कारण |
|---|---|---|---|---|
| १ | ३(२) | (१) प्रतिष्ठानको भौतिक, संस्थागत तथा कानूनी पूर्वाधार तयार गर्ने रामराजा प्रसाद सिंह स्वास्थ्य ... | (१) प्रतिष्ठानको भौतिक, संस्थागत तथा कानूनी पूर्वाधार तयार गर्ने ... | समितिको संरचनालाई ... |



स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
प्रशासन महाशाखा
(कानून शाखा)

पत्र संख्या:-
आ.व.०८०/८१
च.नं.:-१/का. ६१


रामशाहपथ
काठमाडौं, नेपाल

मिति: २०८०/०७/२३

श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय:- तर्जुमा सहमति सम्बन्धमा।

प्रस्तुत विषयमा "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८०" को मस्यौदा उपर तर्जुमा सहमति प्राप्त गर्नको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा सक्कल फाईल पठाउन मिति २०८०/०७/०१ को निर्णय (मन्त्रिस्तर) अनुसार "रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पूर्वाधार तयारी विकास समिति (गठन) आदेश, २०८०" को मस्यौदा उपर तर्जुमा सहमतिको लागि सक्कलै फाईल यसै पत्रसाथ संलग्न गरी ताहाँ मन्त्रालय समक्ष पठाईएको व्यहोरा निर्णयानुसार अनुरोध छ।



खण्ड ६९) संख्या ११ नेपाल राजपत्र भाग ३ मिति २०७६।३।२

(३) मन्त्रालयले समितिको आय व्ययको लेखा तत्सम्बन्धी कागजात र नगदी, जिन्सीको विवरण जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१६. उपसमिति वा कार्यटोली : (१) समितिले आफ्नो काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार विभिन्न उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि समितिले तोकिदिए बमोजिम हुनेछ ।

१७. समितिको कार्यालय : समितिको कार्यालय सप्तरी जिल्लाको राजविराज नगरपालिकामा रहनेछ ।

१८. समितिको कार्य अवधि : (१) समितिको कार्य अवधि यो आदेश प्रारम्भ भई समितिको पहिलो बैठक बसेको मितिले पच्चीस महिना वा प्रतिष्ठानलाई व्यवस्थापन गर्ने सम्बन्धमा जारी भएको ऐन प्रारम्भ भएको मितिले पैंतालीस दिन मध्ये जुन पहिले हुन्छ सो दिनसम्म रहनेछ ।

(२) उपदफा (१) बमोजिम समितिको कार्य अवधि पूरा भए पछि समिति स्वत: विघटन हुनेछ र यसका पदाधिकारी स्वत: पदमुक्त हुनेछन् ।

## यात्रालाई सुरक्षित बनाऔं।

- सवारी चढ्दा र ओर्लदा अरुलाई नधकेलौं, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं।

सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### भन्सार कार्यालय सुध्रीनु जरुरी

सप्तरीमा रहेको भन्सार कार्यालयको लापरवाहीका कारण जनताले दुःख व्यहोर्नु परिरहेको छ। सो कार्यालयका कर्मचारीहरुका कारण कार्यालय नै बदनाम भइरहेको छ। राजविराज भन्सार कार्यालयका कर्मचारीहरुले भारतीय नम्बरका सवारीसाधनहरुबाट गैरकानुनी रुपमा रसिद दिएर अवैध रकम असुली गर्दै आइरहेको छ। सरकारले तोकेको राजश्व भन्दा बढी रकम लिने परिपाटीका कारण अहिले यो भन्सार कार्यालय आलोचित बनेको छ। कर्मचारीहरुले भन्सार शुल्कमा मात्र नभएर एक दिनका लागि सीमा नजिकको बजारसम्म आउजाउ गर्न निःशुल्क प्रदान गरिने सुविधा पासमा समेत व्यक्ति हेरीहेरी भारतीय सवारीधनीसँग ५० देखी २ सय रुँपैयासम्म असुल गर्ने गरेको यसअघि पनि सयौं घटना सुन्न पाइन्छ।

भारतबाट दैनिक दर्जनौं सवारीसाधन नेपाल भित्रिने गरेको छ। ती सबै सवारीधनी र चालकसँग त्यहाका कर्मचारीले मनपरी शुल्क लिने गरेको अधिकांशको गुनासो छ। विभिन्न वहाना गर्दै राज्यकोष लुट्ने र भारतीय नम्बरका सवारीसाधनसँग मनपरी रकम ठग्ने धन्दा रोकिएको छैन्। यसरी लिएको रकमको प्रमाण नहुने तथा अनुगमन गर्ने निकाय पनि मौन रहनाले भन्सारका कर्मचारीहरु होसिएका छन्।

यस्ता कार्यहरुप्रति भन्सार कार्यालय आगामी दिनमा सचेत हुनु जरुरी छ। एउटा कर्मचारीका कारण सबै कर्मचारी दोषि हुनेमा दुइमत नहोला। तसर्थ यसका लागि सम्बन्धीत निकायले यस्ता रबैयाप्रति अनुगमन गरि दोषिमाथी कारवाही गर्न कुनै कसर बाँकी राख्नु हुँदैन्।

# अन्नभण्डार मधेसमै धान पाउन मुस्किल

**टीकाराम सुनार/सुदीप राउत**
जनकपुरधाम, ६ पुस (रासस)।

विगत वर्षमा सधैँ खाद्यव्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई धान बिक्री गर्दै आउनुभएका विन्देश्वर मण्डलले यस वर्ष धान बिक्री गर्ने पक्षमा हुनुहुन्न। सरकारले नै धानको उचित मूल्य नदिएपछि सिरहाको लहान नगरपालिका-४ का मण्डल विकल्प खोज्न बाध्य भएको बताउनुहुन्छ। मङ्सिर नलाग्दै चहलपहल हुने र लक्ष्यभन्दा बढी नै धान खरिद गर्ने प्रस्ताव आउने हुँदा सो कम्पनीलाई व्यवस्थापन गर्नै हम्मेहम्मे हुन्थ्यो। तर उहाँजस्ता पुराना किसान मात्र होइन, नयाँ किसानले पनि कम्पनीलाई धान बिक्री गर्न नखोजेपछि यसपटक भने पुस लागिसक्दासमेत मधेस प्रदेशअन्तर्गत जनकपुरधाम, लहान र वीरगञ्जमा रहेका कार्यालय सुनसान छन्।

मण्डल भन्नुहुन्छ, "एकातिर पहिलेको जस्तो धान उत्पादन नै भएन। अर्कोतिर सरकारले नै बजारमा पाइने मूल्यभन्दा चार/पाँच सय कममा धान खरिदको सूचना गऱ्यो। त्यसैले आफूसँग भएको धान पनि व्यापारीलाई बेचिसकेको छु। अरु किसानले पनि यस्तै गरिरहेका छन्।" अत्यावश्यक खाद्य वस्तु सङ्कलन र वितरण गर्ने खाद्यव्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई अघिल्ला वर्षमा मुलुकका अरु क्षेत्रमा जस्तै मधेस प्रदेशमा धान बेच्न किसानहरुले निकै मिहेनत गर्नुपर्थ्यो।

मण्डलले मात्रै होइन, अघिल्ला वर्षहरुमा खाद्यका तीनवटै कार्यालय क्षेत्रमा रहेका किसानले गत वर्ष धान किनिदिन आग्रह गर्दा पनि समयमा कुनै जवाफ नै नदिने गरेकामा चालु आर्थिक वर्षमा भने सरकारबाटै उचित मूल्य नतोकिएपछि आफूले चासो नै नराखेको बताएका छन्। "अघिल्ला वर्षहरुमा हामीले चासो राख्दा पनि कुनै उत्तर पाइन्थेन। यसपटक भने कम्पनीले सम्पर्क गर्दा पनि मूल्य कम भएकाले किसानहरुले घाटा खाएर बेच्न जाने कुरा नै भएन", कृषक रामअवतार महराइनले भन्नुभयो।

गत वर्ष किसानको चाप धेरै भएपछिको दबाब व्यवस्थानमै समय गुजारेको प्रदेश कार्यालय जनकपुरधामले अन्तिममा एक हजार ३५ क्वीन्टल मात्रै धान खरिद गर्न सफल भएको थियो। चालु आवमा व्यापक प्रचारप्रसार गरेर मङ्सिर २० गतेदेखि खरिद सुरु गरेको यस कार्यालयमा अहिलेसम्म किसानहरु धान बिक्रीका लागि सम्पर्कमा नआएका निमित्त प्रादेशिक प्रमुख गङ्गाप्रसाद साहले बताउनुभयो।

उहाँले धेरै किसानलाई व्यक्तिगत रुपमा फोन र भेटेरै सम्पर्क गर्दा पनि सरकारले तोकेको मूल्यमा धान बिक्री गर्न नसकिने जवाफ दिने गरेको बताउनुभयो। "प्रचारप्रसार, भेटघाट, फोन सम्पर्कलगायत धेरै विधि प्रयोग गरेर किसानहरुलाई धान बिक्रीका लागि आउन आह्वान गरेका थियौँ। हामी तपाईंहरु कहाँ आएर किन्छौँ भन्दा पनि अहिलेसम्म कसैले चासो राखेनन्", साहले भन्नुभयो,"उहाँहरुले व्यापारीहरुबाटै सरकारले तोकेको भन्दा बढी मूल्य पाएका कारण हामीलाई धान बेच्न नमानेको हुनसक्छ। यस विषयमा केन्द्रलाई जानकारी गराइसकेका छौँ।"

वीरगञ्जमा पनि यस्तै अवस्था छ। गत आवमा १४ हजार क्वीन्टल धान किनेको त्यहाँस्थित मुख्य शाखा कार्यालयले मङ्सिर २२ गते खरिद प्रक्रिया सुरु भइसक्दा पनि किसानहरु सम्पर्कमा नभएका कार्यालय प्रमुख पंकज झाले बताउनुभयो। गत वर्षहरुमा हाम्रो धान किनिदिनुपऱ्यो भनेर आउने गरेकामा यस वर्ष अनुरोध गर्दा पनि कोही पनि सम्पर्कमा नआएका देखेर आफू चकित भएको उहाँको भनाइ छ।

त्यसैगरी मुख्य शाखा कार्यालय लहानले पनि सार्वजनिक सूचना जारी गरेर मङ्सिर १८ गतेदेखि नै सोना मन्सुली (मध्यम) र जिरा मसिनो (कतर्नी) धान खरिद सुरु हुने जानकारी दिएको थियो। हालसम्म पनि किसानहरु सम्पर्कमा नआएको लहान शाखा प्रमुख रबनकुमार यादवले बताउनुभयो।

"अघिल्ला वर्षमा यतिबेला धान बिक्रि गर्ने किसानको भिड थामिनसक्नु हुन्थ्यो। तोकिएको समयभन्दा अगाडि नै धान बोकेका ट्याक्टरसहित किसानहरु यहाँ लामबद्ध भइसक्थे। त्यसैलाई मध्यनजरगरी यसपटक भीडभाड रोक्न कार्यालय परिसरभन्दा बाहिर पनि आवश्यकताअनुसार खरिद केन्द्र खोल्ने निर्णय समेत गरेका थियौँ। तर हामीले धेरै प्रयास गर्दा समेत कोही आएनन्। गोदाम रित्तै छ", यादवले भन्नुभयो।

चालु आवका लागि नेपाल सरकारले गत असार २६ गतेको मन्त्रिपरिषद् बैठकबाट धानको समर्थन मूल्य तोकेको थियो। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रस्तावमा मोटा धानको मूल्य रु. तीन हजार एक सय ९८ र मध्यम धानको तीन हजार तीन सय ६२ तोकेको थियो। सोहीअनुसार मधेस प्रदेशमा सोना मन्सुली (मध्यम) को रु तीन हजार तीन सय ६२ र जिरा मसिनो (कतर्नी) धानको मूल्य रु चार हजार तोकेर खरिद प्रक्रिया सुरु गरिएको छ।

**किन पाइएन मधेसमै धान ?**

विगत वर्षहरुमा धान मिल व्यापारीहरुले सीमावर्ती भारतीय किसानबाट सस्तो मूल्यमै धान खरिद गर्दा नेपाली किसानहरुको उत्पादन प्राथमिकतामा थिएन। तर यो वर्ष भारतसँग धान खरिद गर्न त्यत्ति सजिलो छैन। त्यसैले नेपाली किसानहरुको उत्पादन बढी मूल्यमा किन्नुपर्ने अवस्था रहेको व्यापारीहरुले बताउने गरेका छन्।

धान रोप्ने बेलामा आकासेपानी नपरेकाले धान उत्पादन घटेको, उत्पादित धानको लागतसमेत बढ्न गएको, अन्तर्राष्ट्रिय रुपमा भएको अशान्ति र विविध दबाबका कारण हरेक वस्तुको मूल्य बढेको तर सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारको अवस्था विश्लेषण नगरी मूल्य तोकेकाले पनि समस्या भएको राष्ट्रिय कृषि समूह महासङ्घ मधेस प्रदेशका निवर्तमान अध्यक्ष मुक्ति यादवको भनाइ छ। "सरकारले नै किसानलाई उत्पादनको मूल्य तिर्न नमान्नु वा कम तिर्नु चिन्ताको विषय हो। व्यापारीहरुले नै सरकारभन्दा बढी मूल्यमा खरिद गर्न थालेपछि सरकारलाई नै बेच्नुपर्छ भन्ने बाध्यता छैन नि!", उहाँले भन्नुभयो,"धान रोप्ने बेला मलखाद, सिँचाई सुविधा पनि नदिने र किन्ने बेलामा कम मूल्यमै पाइएहुन्थ्यो भन्ने सोचाइ नै गलत छ।"

उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेशका अध्यक्ष अशोक टेमानीले परम्परागत कृषि खेती प्रणाली, सरकारको उपेक्षालगायत कारणले कृषिउपजको उत्पादन निरन्तर घट्दै गएको तर सरकारले किसानको पीडा सम्बोधन गर्न नसक्दा समस्या भइरहेको बताउनुभयो। उहाँले व्यापारीले सरकारभन्दा बढी नै मूल्य दिन तयार भएकाले खाद्य गोदाम रित्तो हुने अवस्था आएको हुनसक्ने बताउनुभयो। "किसानले मूल्य बढी वा कम पायो भन्ने विषय त छँदैछ। तर मधेसमा किसानहरुले भोगिरहेका समस्याहरु निराकरण गर्ने र उत्पादन बढाउने विषयमा सरकारको भूमिका चर्चाको विषय हो। धान रोप्ने समयमा मधेस सुक्खाग्रस्त क्षेत्र भएर यहाँका किसानले भोगेको समस्या सबैलाई थाहा छ। त्यो बेला सुख्खाग्रस्त क्षेत्र घोषणा गरेर राहत दिने कुरा पनि हल्ला मात्रै भयो। उल्टै समस्याग्रस्त यहाँका किसानहरुलाई उचित मूल्य तिर्न कन्जुस्याइँ गरेपछि खुला बजार व्यवस्थामा जहाँ मूल्य बढी पायो त्यही जाने हो नि !", टेमानीले गुनासो गर्नुभयो।

मधेस प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका प्रवक्ता एवं वरिष्ठ कृषि प्रसार अधिकृत रोशनकुमार मेहताले खाद्यले धान नपाउनु सरकारले तोकेको मूल्य कम भएर हो वा अन्य कारणले भनेर अध्ययन आवश्यक रहेको बताउनुभयो। "साना किसान आफैँले खाद्य कहाँ गएर बेच्नेभन्दा पनि गाउँघरमै धान सङ्कलन गर्ने साना कृषक व्यापारीमार्फत खरिद बिक्री हुने गरेको हामीले सुनेका छौँ। उनीहरुले राम्रो मूल्य दिने ठूला व्यापारीहरु नपाएमा मात्रै सरकारका निकाय खोज्ने प्रचलन छ। यो वर्ष व्यापारीहरुले नै बढी मूल्य दिन तयार हुनु भनेको खोजीको विषय हुनसक्छ", प्रवक्ता मेहताले भन्नुभयो।

**राष्ट्रियरुपमा पर्ने प्रभाव**

सरकारले खाद्य सुरक्षाको सुनिश्चिततामा योगदान गर्नेलगायत उद्देश्य पूर्तिका लागि देशमा उत्पन्न हुनसक्ने खाद्य सङ्कटको बेला प्रयोग गर्न अत्यावश्यक खाद्य वस्तुको मौज्दात (बफर स्टक) राख्ने र मूल्य स्थिरीकरण तथा व्यावसायिक प्रयोजनका लागि खाद्य तथा अन्य वस्तुहरु खरिद गर्ने रणनीतिअनुसार कम्पनीमार्फत काम गरिहेको छ। त्यसैगरी देशका खाद्य सङ्कटग्रत क्षेत्र र विपन्न जनताको खाद्य सुरक्षाका लागि वितरण प्रणालीलाई सुदृढ गर्दै आवश्यक खाद्यवस्तुको बिक्री वितरण वा आपूर्तिको काम पनि गर्दै आएको छ।

मधेसजस्ता अन्नभण्डार भनिएका क्षेत्रबाटै पर्याप्त धान खरिद गर्न नसक्दा उपभोक्ताले प्रतिस्पर्धी मूल्य एवं गुणस्तरका अत्यावश्यक वस्तु सहज र सुलभ रुपमा प्राप्त गर्न सक्ने गरी बजार निर्माताको भूमिका खेल्ने कम्पनीको उद्देश्य नै प्रभावित हुनसक्ने राष्ट्रिय कृषि समूह महासङ्घ मधेस प्रदेशका निवर्तमान अध्यक्ष यादवको भनाइ छ। आगामी दशकमा निम्तिन सक्ने खाद्य सङ्कट सामना गर्न मधेसको उर्जरभूमिबाट अधिकतम् लाभ लिने रणनीतिका साथ कृषिको उत्पादन र उत्पादकत्व वृद्धिमा लाग्न जरुरी रहेको यादवको सुझाव छ।

उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेश अध्यक्ष टेमानीले देशकै अन्नभण्डारका रुपमा रहेको मधेस प्रदेशमा नै खाद्यलाई धान नपाइनु खाद्य सङ्कटको विकराल अवस्थाको पूर्वसङ्केत हो भन्नुहुन्छ। "अहिले उसै पनि किसानहरु पलायन हुँदैछन्। दुखजिलो गरेर कृषिकर्म गरिरहेकाहरु उत्प्रेरित गनसक्नुपर्छ। उत्पादन सुरुदेखि नै सरकारले किसानको सुखदुखसँग जोडिनुपर्छ।

परम्परागत कृषि नीति र परम्परागत निर्वाहमूखी खेती प्रणाली बदल्न गम्भीरतापूर्वक नलाग्ने हो भने खाद्य सङ्कटको भयावह अवस्था सामना गर्नुपर्नेछ", अध्यक्ष टेमानीले ध्यानाकर्षण गराउनुभयो। अन्न भण्डारका रुपमा रहेको मधेसमै सरकारले धान नपाउनुका कारणबारे अध्ययन गरी समस्याको पहिचान र त्यसको समाधानका लागि पहल गर्नुपर्नेमा सरकारवालाहरुको जोड छ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# बसाइँसराइको प्रभाव : पाँच लाख बस्न योग्य घर खाली

प्रकाश सिलवाल/रूपेश आचार्य
काठमाडौँ, ६ पुस (रासस)।

मुलुकमा तीव्र बसाइँसराइको क्रम नरोकिए पुर्ख्यौली थातथलोमा सहाराविहीन ज्येष्ठ नागरिकको मात्रै बसोबास रहने स्थिति देखिएको छ।

जनसङ्ख्यासम्बन्धी पछिल्ला तथ्याङ्कले पहाडी क्षेत्रबाट तराई र सहरी क्षेत्र तथा बहरी क्षेत्रबाट विदेश बसाइँसराइ गर्ने तीव्र भएको देखाउँछ। यसरी बसाइँ सर्नेमा अधिकांश युवा र बालबालिकाको सङ्ख्या बढी रहेको छ। यस्तो प्रवृत्तिले ठूलो सामाजिक समस्याको सङ्केत गरेको विज्ञहरुको भनाइ छ।

विसं २०४६ सम्म पहाडमा बढी चाप रहेकामा क्रमशः तराईतर्फ चाप सरेको पछिल्ला जनगणनाले देखाउँछ। अहिले तराईमा कूल जनसङ्ख्याको ५४ प्रतिशत आवादी रहेको छ। यसले हिमाल र पहाड क्रमशः रित्तिँदै गएको देखाउँछ।

'राष्ट्रिय जनगणना-२०७८'को प्रतिवेदन र विभिन्न स्रोतका आधारमा प्राकृतिक प्रकोप, बेरोजगारी, राजनीतिक अस्थिरतालगायत कारणले बसाइँ सर्नेको सङ्ख्या बढेको केन्द्रीय तथ्याङ्क कार्यालयका निर्देशक ढुङ्गीराज लामिछानेले बताउनुभयो। उहाँका अनुसार विसं २०५२ देखि २०६३ सम्ममा बसाइँसराइ कैयौँ गुणा बढेको छ।

सशस्त्र द्वन्द्वको सुरुआती वर्षमा तीन हजार छ सय ५० मात्र रहेको आन्तरिक बसाइँसराइको सङ्ख्या सशस्त्र द्वन्द्वको अन्त्यतिर एक लाख ६५ हजार पुगेको छ। त्यसपछि पनि आन्तरिक बसाइँसराइको चित्र (ग्राफ) निरन्तर उकालो लागेको तथ्याङ्कले देखाउने लामिछानेले जानकारी दिनुभयो।

कूल जनसङ्ख्याको ८० प्रतिशत प्राकृतिक प्रकोपको जोखिममा रहेकाले पनि बसाइँसराइ भएको छ। यसबाहेक हावाहुरी, आगलागी र हिमताल फुट्ने डरले थालथलो छोड्न नेपालीलाई बाध्य पार्ने गरेको छ। पहिरो आदिका कारण पुराना पानीका मुहान सुक्ने कारणले कुनैकुनै गाउँमा तीव्ररूपमा पुर्ख्यौली गाउँ छोडने प्रवृत्ति बढेको छ।

एक ठाउँबाट अर्को ठाउँमा हुने मानिसको भौगोलिक चाललाई मानव बसाइँसराइ भनिन्छ। निश्चित समय अवधिमा, निश्चित भौगोलिक वा राजनीतिक एकाइबाट अर्को भौगोलिक वा राजनीतिक एकाइमा बासस्थान परिवर्तन गरेर हुने मानिसको भौगोलिक चाल नै बसाइँसराइ हो। बासस्थान परिवर्तन आन्तरिक र बाह्य प्रकारले हुने गर्दछ। हाल दैनिक करिब दुई हजार पाँच सय नेपाली विदेशिने गरेका छन्।

केन्द्रीय तथ्याङ्क कार्यालयका निर्देशक लामिछानेले 'राष्ट्रिय जनगणना-२०७८'को प्रतिवेदनलाई हेर्दा हिमाल र पहाडबाट सहरी तथा तराई क्षेत्रमा, तराईका गाउँबाट नगर क्षेत्रमा बसाइँसराइ हुनेक्रम ( जनसाङ्ख्यिक उतारचढाव) देखिएको बताउनुभयो। आर्थिक, सामाजिक, सांस्कृतिक र रोजगारीका विषयलाई समेटेर जनसङ्ख्या व्यवस्थापन नीतिका विषयमा अबको बहस केन्द्रित हुनुपर्ने देखिएको उहाँको भनाइ थियो।

"जनगणनामा पाँच लाख बस्न योग्य घर खाली रहेको र घर छाडेर गएकाहरू फर्कने सम्भावना कम रहेकाले उच्च शिक्षासम्म निःशुल्क पढाउने गरी शिक्षामा लगानी वृद्धि गरी युवा जनशक्तिलाई परिचालन गरी भूगोल अनुकूलका व्यावसायिक कृषितर्फ जोड दिनु अत्यावश्यक भएको छ", लामिछानेले भन्नुभयो।

केन्द्रीय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको जनगणनाको प्रतिवेदनमाथि क्षेत्रगत विश्लेषण गर्ने क्रममा जनसङ्ख्यासम्बन्धी तथ्य/तथ्याङ्क र असरलाई केलाइरहेको त्रिभुवन विश्वविद्यालयको केन्द्रीय जनसङ्ख्या अध्ययन विभागका प्रमुख प्रा डा योगन्द्र गुरुङले भन्नुभयो, "बसाइँसराइ गर्दा धेरैजसोले आफ्ना विद्यालय पढ्ने उमेरका छोराछोरीसँगै लगे पनि बुबाआमालाई गाउँमै छोड्ने वा बुबाआमा पनि गाउँकै खुला वातावरणमा बस्न चाहने कारणले तथ्याङ्कमा धेरै बसाइँसराइ देखिएको हो।"

विभागका सहप्राध्यापक डा पद्मप्रसाद खतिवडाका अनुसार कृषिमा आधुनिकीकरण हुन नसक्नु, जनसङ्ख्याको १७ प्रतिशत अझै गरिबीमा रहनु र उच्च शिक्षाका विभिन्न समस्याका कारण स्वदेशी विश्वविद्यालयतर्फ विद्यार्थीको आकर्षण नहुनुले बसाइँसराइलाई बढाएको छ। "यसको सङ्केत साहरा चाहिने उमेरका अधिकांश ज्येष्ठ नागरिक गाउँका पुर्ख्यौली थातथलोमै छन् भन्ने हो। बुढेसकालको साहरा भनिने सन्तानलाई विदेश वा आफ्नो थातथलो बाहिर पठाएका उनीहरु सामान्य बल पर्ने काम गर्न तथा बिरामी पर्दा उपचार गर्नसमेत अत्यन्त कठिनाइ व्यहोर्न बाध्य छन्", उहाँले भन्नुभयो।

बसाइँसराइको अर्को प्रमुख कारण प्राकृतिक प्रकोप भएको डा खतिवडाको भनाइ छ। मौसम परिवर्तनको सर्वाधिक जोखिममा रहेका राष्ट्रमध्ये चौथोमा पर्ने नेपालमा बाढी र पहिरो तथा भूकम्पका कारण बसाइँ सर्ने पनि उल्लेख्य सङ्ख्यामा रहेका उहाँले बताउनुभयो। यसबाहेक आफ्नो जीवनस्तर उठाउने व्यक्तिगत चाहना सामाजिक, आर्थिक, शैक्षिक तथा वित्तीय पहुँचका लागि सदरमुकाम वा राजधानीतिर सर्ने प्रवृत्तिले पनि बसाइँसराइका लागि प्रेरित गरेको खतिवडाको भनाइ थियो। "यस्तो बसाइँसराइलाई परिवारले सकारात्मकरुपमा लिने गरेका छन्", उहाँले भन्नुभयो।

बसाइँसराइ गर्नेका परिवारबीच एउटा सम्पर्क सञ्जाल बन्ने र त्यस सञ्जालमार्फत एक गाउँका मनिस स्वदेश वा विदेशका एकै ठाउँमा बसाइँबसाइ सर्ने प्रवृत्ति पनि देखिएको डा खतिवडाले बताउनुभयो। भारतको मेघालयस्थित कोइलाखानीमा काम गर्ने नेपाली मजदुर त्यस्तै सञ्चालमा आधारित समूह बनाएर बसाइँसराइ गरेको पाइएको उहाँले जानकारी दिनुभयो। "समग्रमा विदेशबाट आउनेभन्दा नेपालबाट विदेश जाने नेपालीहरूको सङ्ख्या बढेको छ। जनगणना गर्दा कुनै स्थानमा अनुपस्थित जनसङ्ख्यालाई अस्थायी बसाइँसराइ मानिन्छ। आफ्नो स्थान छाडेर जानेलाई स्थायी बसाइँसराइ भएको मानिन्छ", उहाँले भन्नुभयो।

राष्ट्रिय जनगणनाको प्रतिवेदनअनुसार नेपालको जनसङ्ख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ रहेको छ। एक दशकअघि नेपालको जनसङ्ख्या वृद्धिदर एक दशमलव ३५ प्रतिशत रहेकामा हाल त्यो शून्य दशमलव ९२ प्रतिशतमा झरेको देखाएको छ।

राष्ट्रिय योजना आयोगको सहकार्यमा राष्ट्रिय जनसङ्ख्या परिषद् र संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले गरेको एक अध्ययनका अनुसार गत तीन दशकमा नेपालले निकै तीव्र गतिमा जनसाङ्ख्यिक परिवर्तनको अनुभव गरेकाले आगामी २६ वर्षमा जापान जस्तै नेपाल वृद्ध समाज बन्ने प्रक्षेपण गरिएको छ। आगामी ११ वर्षमा नेपाल ढल्दो उमेर समाज बन्नेछ।

सन् २०१० देखि २०१५ सम्म नेपालमा कूल प्रजनन दर दुई दशमलव ३२, कोरा मृत्यु दर छ दशमलव पाँच र जन्मिँदाको आयु ६९ दशमलव ०१ जनसाङ्ख्यिक सङ्क्रमण देखिएको छ। जबकि सन् १९८० देखि १९८५ मा कूल प्रजनन दर पाँच दशमलव ६२, कोरा मृत्यु दर १६ दशमलव नौ र जन्मिँदाको आयु ४८ दशमलव ३४ को दरमा रहेको 'वर्ल्ड पपुलेसन प्रसपेक्ट्स : २०१५' ले जनाएको छ।

नेपालमा प्रजनन र घट्दो मृत्युदर तथा जनसङ्ख्या वृद्धिदर घट्दो भएका कारण कामकाजी उमेरका वयस्कको आश्रयमा रहनुपर्ने वृद्धको सङ्ख्या पनि वृद्धि हुँदै जाने सो अध्ययनले देखाएको छ। यसका असरबाट बच्न विदेश गएका युवालाई स्वदेश फर्काउने र स्वदेशमै युवा रोजगारी बढाउने, ढिलो विवाह गर्ने र ढिलो बच्चा जन्माउने प्रवृत्ति प्रोत्साहन गर्न प्रतिवेदनले सुझाएको छ।

जनसाङ्ख्यिक परिवर्तनका कारण नेपालमा जनसाङ्ख्यिक लाभांश प्राप्त हुने सम्भावना कम हुँदै जाने भएकाले सामाजिक सुरक्षाका कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने, भविष्यको श्रमशक्तिमाथि लगानी बढाउनुपर्ने, आत्मनिर्भरता बढाउनुपर्ने उक्त अध्ययनको सुझाव छ। अध्ययनले स्वास्थ्य, पोषण, पानी, सरसफाइ, स्वच्छता, शिक्षा, बालसंरक्षण र सामाजिक संरचनामा रणनीतिक र समयसापेक्ष लगानीले अनुकूल उमेर संरचनाबाट प्राप्त सम्भावनाको रूपान्तरण गर्नसक्ने सुझाएको छ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगाय़त मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

## विश्व समाचार

# गाजामा अमेरिकी समर्थनपछि संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्मा मतदान

संयुक्त राष्ट्रसङ्घ, ६ पुस (रासस/एएफपी)।

इजरायल-हमास युद्धसम्बन्धी बहुप्रतिक्षित प्रस्तावमा संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले शुक्रबार मतदान गर्ने तयारी गरेको छ। यो पछिल्लो प्रस्तावमा 'तत्काल सुरक्षित र निर्बाध मानवीय पहुँचलाई अनुमति दिन र शत्रुताको दिगो अन्त्यका लागि वातावरण सिर्जना गर्न तत्काल कदम चाल्न' आह्वान गरिएको छ। यसले युद्धको तत्काल अन्त्यको माग गर्दैन।

अमेरिकी राजदूत लिन्डा थोमस-ग्रिनफिल्डले बिहीबार साँझ पत्रकारसँग भन्नुभयो, "यदि प्रस्ताव यथास्थितिमा प्रस्तुत गरियो भने हामी यसलाई समर्थन गर्न सक्छौं।"उहाँले प्रस्तावको मस्यौदालाई कमजोर बनाइएको भन्ने कुरा अस्वीकार गर्दै यो 'निकै मजबुत' र 'अरब समूहको पूर्ण समर्थन' भएको बताउनुभएको छ।

म्यानहटनस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा कुटनीतिक खिचातानीका कारण यस हप्ता धेरै पटक मतदान स्थगित भएको छ। गाजाको बिग्रँदो अवस्था र मृत्यु हुनेको सङ्ख्या बढ्दै गएको पृष्ठभूमिमा आएको छ। इन्टरनेसनल क्राइसिस समूहका विश्लेषक रिचार्ड गोवन भन्नुहुन्छ, "यो भाषाको केही अंश अलिक अर्थहीन छ।"

उहाँले भन्नुभयो, "परिषद्का अन्य सदस्यहरूले सम्झौताको लागि कमजोर प्रस्ताव ल्याइएको बताएका छन्। सम्झौता भनेको आफैमा दुई पक्षको मिलनविन्दु हो। यसमा बढी चिन्ता गर्नु त बेकार छ तर सम्झौताले प्रभावित समूहको चासोलाई कुनै कुनाबाट सम्बोधन गर्नुपर्छ।"उहाँले विशेष गरी भिटो प्रयोग गर्ने रूसले युद्धविराम आवश्यक छ भन्ने उनीहरूको लामो समयदेखिको तर्कविपरीत मस्यौदालाई समर्थन गर्न सक्छन् कि सक्दैनन् भन्ने निर्णय गर्नुपर्ने बताउनुभयो।

एएफपीले प्राप्त गरेको प्रस्तावित मस्यौदा पत्रअनुसार संयुक्त अरब इमिरेट्स (युएई) ले प्रस्तावलाई प्रायोजन गरिरहेको छ र सम्झौता सुरक्षित गर्न धेरै प्रमुख क्षेत्रहरूमा संशोधन गरिएको छ। यसले सबै पक्षहरूलाई मानवीय सहायताको प्रावधानको लागिर सम्पूर्ण गाजा पट्टी र सीमा पार सहितका सीमा क्षेत्रका मार्गहरू खोल्न अनुमति दिन र सबैको प्रयोगलाई सहजीकरण गर्न माग गर्दछ।

इजरायलले बिहीबार नयाँ खोलिएको सहायता नाकामा बम बारी गरेको हमासका अधिकारीहरूले बताएका छन्।थोमस-ग्रिनफिल्डले भन्नुभयो, "हरेक दिन हामी जमीनमा मानवीय सहायता बढाउनेतर्फ काम गरिरहेका छौं।" १५ सदस्यीय परिषद्का सदस्यहरूले युद्धको सुरुवातदेखि नै यस संस्थाले कुनै कदम नचालेको भन्दै आलोचना भइरहेका बेला प्रस्तावको साझा आधार खोज्न केही दिनदेखि संघर्ष गरिरहेका छन्।

आफ्नो सहयोगी संयुक्त राज्य अमेरिकासहित इजरायलले 'युद्धविराम' शब्दको विरोध गरेको छ र वासिङ्टनले अन्य सदस्यहरूको बहुमतद्वारा समर्थित प्रस्तावहरू असफल पार्न दुई पटक आफ्नो भिटो प्रयोग गरेको छ।इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले हमासको 'उन्मूलन' नभएसम्म गाजामा युद्धविराम नहुने बताउनुभएको छ।

संयुक्त राष्ट्रसङ्घको खाद्यान्न अभाव अनुगमन कार्यक्रमले 'युद्धग्रस्त गाजाका प्रत्येक व्यक्तिले आगामी छ हप्तामा उच्च स्तरको तीव्र खाद्य असुरक्षाको सामना गर्नुपर्ने' चेतावनी दिएपछि कूटनीतिक छलफल जारी भएको हो। हमासले अक्टोबर ७ मा इजरायलमा प्रवेश गरी करिब एक हजार १४० जनाको हत्या गरेको थियो भने करिब २५० जनालाई बन्धक बनाएको इजरायली तथ्याङ्कमा आधारित एएफपीले जनाएको छ।

त्यपछि इजरायलले निरन्तर हवाई र जमीनी अभियानको साथ आक्रमणको बदलामा जवाफ दिइरहेको छ। गाजा पट्टीस्थित हमास सरकारको सञ्चार कार्यालयले बुधबार दिएको जानकारीअनुसार कम्तीमा २० हजार व्यक्तिको मृत्यु भएको छ, जसमध्ये आठ हजार बालबालिका र छ हजार २०० महिला रहेका छन्।

# चार हजार कछुवा बरामद

पेरु (लिमा) ६ पुस (रासस/एएफपी)।

पेरूको मुख्य अन्तराष्ट्रिय विमानस्थलबाट अमेजनमा उत्पत्ति भएका करिबचार हजार कछुवा बरामत गरिएको राष्ट्रिय वन्यजन्तु सेवाले बिहीबार जनाएको छ। राष्ट्रिय वन तथा वन्यजन्तु सेवाले विज्ञप्ति मार्फत् इन्डोनेसियामा निर्यात गर्न लागेका जोर्ज चाभेज एयरपोर्टमा जीवित कछुवाहरूको ढुवानीलाई रोकेको जनाएको छ।

विज्ञप्तिका अनुसार बरामत गरिएका बच्चा कछुवाहरू'कार्डबोर्ड बक्स'भित्र सानो पारदर्शी प्लास्टिकका भाँडामा फेला परेका थिए . पछिल्लो समयमा कछुवा वन्यजन्तु वनस्पति परिशिष्टको लोपोन्मुख प्रजातिहरूमा अन्तर्राष्ट्रिय व्यापारको महासन्धि साईटिसमा सूचीबद्ध छन्।

अन्तरा{ष्ट्रिय प्रकृति संरक्षण सङ्घले कछुवालाई लोप हुने जोखिममा रहेको सूचीमा राखेको छ। इन्टरपोलका अनुसार अवैध वन्यजन्तु उत्पादनको कालो बजार प्रतिवर्ष २० अर्ब डलर सम्मको हुन्छ। परिणामस्वरूप धेरै प्रजातिलाई लोप हुने सङ्घारमा धकेलिरहेको छ। साइटिसले कछुवा संसारमा सबैभन्दा खतरामा परेका जनावरहरूमध्ये एक भएको बताएको छ।

# चिसोबाट बच्न सतर्कता अपनाउन महाशाखाको अनुरोध

काठमाडौं, ६ पुस (रासस)।

देशभरको तापक्रम घट्नेक्रममा रहेकाले चिसोबाट बच्न आवश्यक सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ।

महाशाखाका अनुसार काठमाडौं उपत्यकासहित देशभरको तापक्रम घटेर चिसो बढेको छ। शुक्रबार काठमाडौंको न्यूनतम तापक्रम चार दशमलव पाँच र अधिकतम तापक्रम १९ डिग्रीसेल्सियस रहेको छ। पछिल्लो तीन/चार दिनयता काठमाडौंको न्यूनतम तापक्रम चार देखि पाँच र अधिकतम तापक्रम १७ देखि १९ डिग्रीसेल्सियसको हाराहारी रहेको छ। तापक्रम घटेकाले काठमाडौंमा अत्यधिक चिसो बढेको छ। दिउँसो घाम लागेपनि बिहान र बेलुका बढी जाडो महसुस गरिएको छ।

सबैभन्दा कम जुम्लामा माइनस दुई दशमलव आठ र जोमसोममा माइनस तीन दशमलव पाँच तापक्रम मापन गरिएको महाशाले उल्लेख गरेको छ। हाल नेपालमा पश्चिमी वायुको आंशिक प्रभाव रहेको छ। उक्त मौसमी प्रणालीका कारण अहिले आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ।

दिउँसो देशभर आंशिक बदलीदेखि मौसम सामान्यतया सफा रहेको छ। रातिको समयमा कोशी, बागमती र गण्डकी प्रदेशका पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा बाँकी भू-भागमा आंशिक बदली देखि मौसम सामान्यतया सफा रहने छ।

पुस ७ गते प्रदेशको पहाडी भू-भागमा आंशिक देखि सामान्य बदली तथा बाँकी भू-भागमा आंशिक बदली देखि मौसम सामान्यतया सफा रहनेछ। सुदूरपश्चिम र कर्णाली प्रदेशका पहाडी भू-भागका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको महाशाखाले जनाएको छ। कोशी, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका एक/दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेको छ।

# मन्त्रिपरिसद पुनर्गठनको तयारीमा

**दैनिक समाचारदाता**
**काठमाडौं, ६ पुस।**

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिपरिषद पुनर्गठन गर्ने तयारी थालेका छन्। मन्त्रीहरू परिवर्तन गर्न उनले सत्तारुढ गठबन्धनको प्रमुख दल नेपाली कांग्रेस नेतृत्वसँग आवश्यक परामर्श गरिसकेका छन्।

माओवादी केन्द्रबाट गएका सबै मन्त्रीहरु फेर्न तयार रहेका प्रधानमन्त्री दाहालले कांग्रेससँग पनि त्यही सर्त राखेका छन्। कांग्रेसमा भने देउवानिकट कतिपय मन्त्रीहरु कायम राख्ने भनाइ आएपछि गृहकार्य केही समयका लागि पछि धकेलिएको छ।

"प्रधानमन्त्रीबाट मन्त्रिपरिषद् फेरबदलको प्रस्ताव आएको हो। अझै केही कुरा मिलिसकेको अवस्था छैन," कांग्रेसका एक नेताले भने, "ती नमिलेका कुरा मिलाउन गम्भीर छलफल आवश्यक देखिएको छ।"

ती नेताका अनुसार, कांग्रेस सभापति शेरबहादुर देउवाले केही मन्त्रीहरुलाई नचलाउने सर्त राखेका छन्। खासगरी अर्थमन्त्री डा. प्रकाशशरण महतलाई चलाउन् नहुने उनको अडान छ।

"अर्थमन्त्रीलाई त चलाउनु हुँदैन। सबैले देश श्रीलंकाको बाटोमा जान्छ भनेको होइन, उसले जोगायो नि प्रचण्डका तर्फबाट वार्ताका लागि गएका एक माओवादी नेतासँग देउवाले भनेका थिए, "उसलाई चलाउनु हुँदैन। अरु पनि सबै परिवर्तन गर्ने हो भने प्रधानमन्त्रीले निर्णय गर्नुपर्यो होइन भने हाम्रा मान्छे केही समयपछि केही मात्र परिवर्तन गर्छौं।"

देउवाले त्यस्तो सर्त राखेपछि प्रधानमन्त्री स्वयम्ले देउवालाई बालुवाटार डाकेर पटक-पटक सन्ध्याकालीन वार्ता गरिसकेका छन्। माओवादीका ती उच्च नेताका अनुसार, वार्तापछि परिस्थिति फरक बनेको छ। देउवाले अर्थमन्त्रीमा डा. महतलाई निरन्तरता दिने अडान नछाडे पनि पहिला भन्दा उनी लचिलो भएका छन्।

माओवादी केन्द्रमा भने नारायणकाजी श्रेष्ठ नै मन्त्रिपरिषद् गठनका लागि बाधक बनिरहेका छन्। प्रधानमन्त्रीमाथि उनले दबाब खडा गर्न मेहनत गरिरहेको माओवादी केन्द्र स्रोतले जनाएको छ। प्रधानमन्त्री सहमत नभएको अवस्थामा केही लोकप्रिय निर्णय गरेर बाहिरिने रणनीतिमा श्रेष्ठ देखिएका छन्। यसका विषयमा उनले आफ्ना निकटहरुसँग सरसल्लाह समेत गरेका छन्।

मुटुको समस्याका कारण डाक्टरले आराम गर्न दिएको सल्लाहसमेत नमानी मन्त्रालय गइरहेका श्रेष्ठले केही निर्णय गरेर चर्चामा आउने प्रयास जारी राखेका छन्। तर, माओवादी केन्द्रका तर्फबाट नै मन्त्रिपरिषद् पुनर्गठनको प्रस्ताव कांग्रेसलाई गरिएकाले प्रधानमन्त्री रोकिने अवस्था भने नरहेको माओवादी केन्द्रका नेताहरुको भनाई छ।

"कांग्रेसले अघि बढौं भनेको खण्डमा प्रधानमन्त्री रोकिनु हुन्न। माओवादीलाई मात्र होइन गठबन्धनका अन्य दललाई मिलाउने जिम्मा उहाँ आफैले लिनुहुन्छ," माओवादीका एक नेताले भने, "सम्भवतः अर्को हप्ताभित्र मन्त्रिपरिषदमा फेरबदल भइसक्नेछ।"

प्रधानमन्त्री दाहालले बिहीबार संचार तथा सूचना प्रविधि र ऊर्जा तथा सिंचाई मन्त्रालय, ऊर्जा आयोगसहितका पदाधिकारीहरुसँग छलफल गरेका थिए। त्यस क्रममा उनले मन्त्रिपरिषद गठनको एक वर्षपछि आफूले कार्यशैली बदल्ने भन्दै तपाईहरु के गर्नुहुन्छ भनी प्रश्न राखेका थिए।

"मेरो नेतृत्वको सरकार गठन भएको एक वर्ष पुग्दैछ, अर्को वर्ष हामी नयाँ ढंगले जाँदैछौं," प्रधानमन्त्रीले भने, "त्यसका लागि हाम्रो सोच बदलौं, कार्यशैली पनि बदलौं। म गम्भीर ढंगले मन्त्रालयका कुरा सुन्ने, बुझ्ने र परिणाम ल्याउनेमा छु। मैले कार्यशैली परिवर्तन गर्दैछु, तपाईहरू के गर्नुहुन्छ रु"

यसअघि प्रधानमन्त्री दाहालले पार्टीको बैठकमा पनि केही परिवर्तन हुने संकेत गरेका थिए। "सरकारको प्रभावकारिताका लागि मेरो मेहनतले काम गरेन, अब केही नयाँ गर्नुपर्छ," माओवादी केन्द्रको बिहीवार बिहान बालुवाटारमा बसेको पदाधिकारी बैठकमा प्रधानमन्त्रीको भनाई उद्धृत गर्दै एक पदाधिकारीले भने, "अब गेयर परिवर्तन गरेर अघि बढ्नुछ भन्नुभयो।" एबिसी न्युजबाट


सूचना ! सूचना !! सूचना !!!

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

यही मिति २०८० पौष २४ गते देखि २६ गते सम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराज मा टिचिङ हस्पिटल महाराजगञ्ज, काठमाण्डौका नाक, कान, घाँटी विभागका विशेषज्ञ डाक्टर तथा भुतपूर्व प्रमुखहरुद्वारा कानको शल्यक्रिया (Operation) शिविर हुने भएको व्यहोरा सम्पूर्ण सेवाग्राहीहरुमा जानकारी गराउन चाहन्छौं। तसर्थ कानका रोगीहरुले समयमा नै आफ्नो कानको जाँच गराई मौकाको फाईदा उठाउनु हुन अनुरोध छ।





**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र राजविराज-९, मलेठ, सप्तरी

दर्ताको लागि सम्पर्क स्थान :
प्राथमिक कान उपचार केन्द्र, राजविराज-९, मलेठ, सप्तरी
मिति : २०८०/०९/२४, २५ र २६ गते (ता. 9, 10 र 11, Jan. 2024)
सम्पर्क नम्बर: 031-590005, 9804742280, 9742270784
प्राथमिक कान उपचार केन्द्र, माईघाट, उदयपुर
सम्पर्क नम्बर : 035-423652, 9811732021, 9842840054

IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज-९ मलेठ, सप्तरी



## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



## बालविवाह विरुद्ध अपील
## "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**
महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ। विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। नेपालमा कानुनतः विवाह गर्ने उमेर २० वर्ष तोकिएको छ। त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ। शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**
१. शारीरिक तथा मानसिक रोगको शिकार हुने।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने। अपाङ्गता भएका सन्तान जन्मन सक्ने।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने।
८. व्यवहारिक कुरा बुझ्नन पाउदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हननमात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो। तसर्थ बालविवाह नगरौं नगराऔं।*

**बालविवाह सम्बन्धी कानुनी व्यवस्था :**
मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट व्यवस्था गरेको छ। यसैगरी सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने व्यक्तिको उमेर निर्धारण गरेको छ। जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने व्यवस्था गरेको छ। उपदफा १ विपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ। यसैगरि उपदफा (३) मा कसुर गर्ने व्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ। बालविवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने व्यवस्था कानूनले गरेको छ। तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं। बालविवाह रोक्न आजैदेखि पहल गरौं।

**अनुरोधकर्ता**
**खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*